नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जाजरकोट

निर्णयहरु:

१. सिमलताल बस दुर्घटना अध्ययन प्रतिवेदन,२०८१ व्यवस्था गरिएको आगामी दिनमा सवारी दुर्घटना हुन नदिन चाल्नुपर्ने कदमहरूको बारेमा अवगत भयो र उल्लेखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

२. यस जिल्लामा सडक सञ्जालको विस्तार सँगै सवारी दुर्घटनामा समेत वृद्धि भएको हुनाले सडक दुर्घटना न्यूनीकरण गर्न सरोकारवाला निकायहरूबीचको आपसी समन्वयलाई प्रभावकारी र नियमित बनाउने ।

३. सार्वजनिक सवारी साधनमा सीट क्षमताभन्दा बढी यात्रु नराख्ने व्यवस्था यातायात व्यवसायीहरुले गर्ने ।

४. सम्बन्धित निकायको अनुमति नलिई सार्वजनिक सवारी साधनको स्वरूप परिवर्तन नगर्ने, सीट थपघट नगर्ने,सवारी चलाउन चालकलाई असर पर्ने गरी सवारीको सजावट नगर्ने ।

५. सवारी धनीले आफ्नो सवारी साधनको यान्त्रिक चेकजाँच नियमित रूपमा गराई सवारीलाई चुस्त राख्ने ।

६. सार्वजनिक यातायात मार्फत यात्रा गर्ने यात्रुहरूको विवरण यातायात व्यवसायीले अनिवार्य रूपमा राखी यात्रुलाई टिकट दिने र टिकट काउन्टरमा सवारी साधनमा तोकिएको भाडादर सबैले देख्नेगरी राख्ने व्यवस्था गर्ने ।

७. यातायात व्यवसायी, सवारी धनी, यातायात मजदुरहरूले यात्रुहरूप्रति सम्मानजनक व्यवहार गर्ने, सरकारले व्यवस्था गरेअनुसार तोकिए बमोजिमका लक्षित वर्गलाई सवारी भाडामा छुट प्रदान तथा सवारी सिट सुरक्षित गर्ने प्रावधान गर्ने।

८. यात्राको क्रममा सवारीबाट प्लास्टिक लगायतका फोहोर बाटोमा नफाल्ने, सवारीबाट निस्किने फोहोरको उचित व्यवस्थापन गर्ने ।

९. यातायात व्यवसायीहरू, यातायात मजदुर, यात्रु र ट्राफिक प्रहरीले यात्रुहरु समेत लाई सहभागी गराई सवारी दुर्घटना न्यूनीकरण सम्बन्धमा आपसी समन्वय गरी सवारी दुर्घटना न्यूनीकरणको लागि सचेतनाका कार्यक्रमहरू जिल्ला सदरमुकाम र सबै पालिकाको केन्द्रका बस स्टेशनहरूमा सञ्चालन गर्ने

१०.उल्लिखित विषयहरूका अतिरिक्त सडक अनुगमनमा ट्राफिक प्रहरी कार्यालयले यातायात कार्यालयसँग समन्वय गरी नियमित चेकजाँच गर्ने ।

२०८१।१०।२२